# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)**

प.सं. : २०७९/०८० (प्र.शा.)
च.नं. : ५८०५

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

मिति :-२०७९/११/२१

श्री वडा कार्यालयहरु (१-१९ सबै),
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली।

**विषयः- प्राप्त पत्रको छायाँकपी पठाईएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा प्रदेश निर्वाचन कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको प.सं. ०७९/०८०, च.नं. ५४३, मिति २०७९/११/१९ गतेको प्राप्त पत्रको छायाँकपी र सो पत्रसाथ प्राप्त अनुसूची-२ (कार्यक्रम सम्बन्धी सूचना) को छायाँकपी थान-२ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। उक्त पत्रमा उल्लेखित व्यहोरा बमोजिम गर्न गराउनु हुन अनुरोध छ।

२०७९/११/२१

..............................
(सुरेन्द्र सिंह कार्की)
प्रशासकीय अधिकृत
अधिकृतस्तर सातौं

सुरेन्द्र सिंह कार्की
प्रशासकीय अधिकृत

बोधार्थः
श्री नगर प्रमुख ज्यूको सचिवालय,
श्री नगर उप-प्रमुख ज्यूको सचिवालय,
धनगढी उप-महानगरपालिका, धनगढी, कैलाली।

निर्वाचन आयोग नेपाल

# प्रदेश निर्वाचन कार्यालय

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

प.सं. २०७९/०८०

च.नं. ५४६

मिति २०७९/११/१९

श्री स्थानीय तह सबै (१३ वटै),

कैलाली ।

**विषयः मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मतदाता नामावली अद्यावधिक दाबी विरोधको कार्यक्रम मिति २०७९/११/२२ देखि २०७९/११/२९ सम्म संलग्न अनुसूची-२ (कार्यक्रम सम्बन्धी सूचना) बमोजिम यस जिल्लामा संचालन हुने भएकोले उक्त कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गर्नको लागि तहाँ स्थानीय तहका सम्पूर्ण वडाको मतदाता नामावली लगायत अन्य आवश्यक अनुसूचीहरु तहाँ स्थानीय तहमा पठाईएको छ । संलग्न अनुसूची बमोजिम मिति २०७९/११/२२ गते सम्बन्धित वडा कार्यालयहरुमा कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन गर्न लगाई दिन हुनका साथै सूचनामा उल्लेखित क्रियाकलापहरु तोकिए बमोजिमको समयावधि भित्र सम्पन्न गर्नको लागि आवश्यक सहयोग र समन्वय गरिदिन हुन अनुरोध गरिन्छ ।

(प्रेमराज भट्ट)

नि. प्रदेश निर्वाचन अधिकारी

**नि. प्रदेश निर्वाचन अधिकारी**

Email: deo.kailali@election.gov.np ☎ ०९१-५२३३८३ फ्याक्सः ०९१-५२६३८३

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय......

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ देहायका कियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/११/२२ | २०७९/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्ठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/११/२३ | २०७९/११/२६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बँसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/११/२६ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/११/२७ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | कसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/११/२८ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क्र.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/११/२९ | २०७९/११/२९ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/११/३० | २०७९/१२/०१ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

नि. प्रदेश निर्वाचन अधिकारी